आज मिति २०७६ साल पौष २९ गते मंगलबारका दिन विहान ८:०० यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुँमागाईंको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | हस्ताक्षर |
|---|---|---|
| १ | श्री बिदुर हुँमागाईं, अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्पा, उपाध्यक्ष | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | – |
| ४ | श्री बखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री जित बहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | – |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुर्य बहादुर रुम्बा, ७ नं. वडा अध्यक्ष | |
| १० | श्री कुमार सिं ~~घलान~~ घिसिङ, ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | चिनी |
| १४ | श्री बुद्धिमाया योन्जन, कार्यपालिका सदस्य, | – |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | निर्मला |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | |

विदुर हुँमागाईं
अध्यक्ष

**प्रस्तावहरु:**

१) संघमा विशेष अनुदानका आयोजना माग सम्बन्धमा,
२) संघमा समपुरक अनुदानका आयोजना मागका सम्बन्धमा,
३) प्रदेशमा विशेष र समपुरक अनुदान अन्तरगतका आयोजना माग सम्बन्धमा,
४) योजनाहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा,
५) आर्थिक सहयोग सम्बन्धमा,
६) करारका कर्मचारीको म्याद थप सम्बन्धमा,
७) ऐतिहासिक मकवानपुरगढीको विजय उत्सव मनाउने सम्बन्धमा,
८) पर्यटन समितिमा मनोनयन गर्ने सम्बन्धमा,
९) कार्यविधि अनुमोदन सम्बन्धमा,
१०) निर्णय नं. १० भैपरी आउने र पुँजिगत योजनाहरुका सम्बन्धमा ।
११) विविध

क) ऐतिहासिक मकवानपुरगढी परिचय पुस्तकको ड्राफ्ट स्विकृती सम्बन्धमा ।
ख) विपद पूर्वसूचना होर्डिङ्ग बोर्ड राख्ने सम्बन्धी,
ग) सामरी साइटमा राखिएको ह्युमपाइपको रकम भुक्तानि सम्बन्धमा ।
घ) सहकारीको साझेदारी मौरीपालन सम्बन्धमा ।
ङ) शहिद रुद्रस्मृती फुटसल प्रतियोगिता सम्बन्धमा ।
च) मकवानपुरगढी एफ.एम. सञ्चालन अनुमती सम्बन्धमा ।
छ) सामुदायिक वन उपभोक्ता महासंघका पदाधिकारीलाई क्षमता अभिवृद्धि तालिम सम्बन्धमा ।
ज) निःशुल्क स्वास्थ्य शिविरका लागि नेपाल ज्योतिष संघलाई सहयोग सम्बन्धमा ।

**निर्णय नं. १ :संघमा विशेष अनुदानका आयोजना माग गर्ने सम्बन्धी ।**

आगामी आर्थिक वर्ष २०७७/७८ का लागि स्थानीय तहमा विशेष अनुदान बाँडफाँड गर्न आयोजना प्रस्ताव गर्ने भनि राष्ट्रिय योजना आयोगको मिति २०७६ पौष २ को सूचनाद्धारा आव्हान गरिएकोले यस गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि सञ्चालन गर्ने विशेष योजना छनौट भई लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदन सहित प्राप्त भएका तपसिल बमोजिमका योजनाहरु राष्ट्रिय योजना आयोगसमक्ष माग गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**आ.व. २०७७/७८ का लागि स्विकृत माग गरिने विशेष अनुदान अन्तरगतका योजनाहरु:**

| सि.नं. | योजनाको नाम | लागत अनुमान | आयोजनाको अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | १५ शैयाको हस्पिटल निर्माण क्रमागत | ४ करोड | ३ वर्ष | |
| २ | वंश गोपाल प्राविधिक विद्यालय वडा नं. २ क्रमागत | ७६ लाख ५५ हजार ८ सय | २ वर्ष | |
| ३ | भानु माध्यामिक विद्यालय निर्माण, मकवानपुरगढी-३ | ४ करोड ५२ लाख | २ वर्ष | |
| ४ | लायन पाखा खानेपानी आयोजना | ३ करोड ६१ लाख | २ वर्ष | |

विदुर हुमागाई
उपाध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. २ : संघमा समपुरक अनुदानका आयोजना माग गर्ने सम्बन्धी ।**

आगामी आर्थिक वर्ष २०७७/७८ का लागि स्थानीय तहमा समपुरक अनुदान बाँडफाँड गर्न आयोजना प्रस्ताव गर्ने भनि राष्ट्रिय योजना आयोगको मिति २०७६ पौष २ को सूचनाद्धारा आव्हान गरिएकोले यस गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि सञ्चालन गर्ने समपुरक योजना छनौट भई लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदन सहित प्राप्त भएका तपसिल बमोजिमका योजनाहरु राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**आ.व. २०७७/७८ का लागि स्विकृत माग गरिने समपुरक अनुदान अन्तरगतका योजनाहरु:**

| सि.नं. | योजनाको नाम | लागत अनुमान | आयोजनाको अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | भालु खोला पुल गढी ५ र ६ | ३ करोड ७२ लाख २७ हजार | २ वर्ष | |
| २ | पशूमैत्री पार्क, गढी ३ | ३ करोड २ लाख | २ वर्ष | |
| ३ | बालमैत्री सूचना प्रविधि पार्क निर्माण, मकवानपुरगढी-३ | १ करोड ५ लाख | १ वर्ष | |

**निर्णय नं. ३ प्रदेशमा विशेष र समपुरक अनुदान अन्तरगतका आयोजना माग सम्बन्धमा,**

आगामी आर्थिक वर्ष २०७७/७८ का लागि स्थानीय तहमा समपुरक तथा विशेष अनुदान बाँडफाँड गर्न यस गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि सञ्चालन गर्ने समपुरक तथा विशेष योजना छनौट भई लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदन सहित प्राप्त भएका तपसिल बमोजिमका योजनाहरु आर्थिक मामिला तथा योजना आयोग, वागमती प्रदेश सरकार समक्ष माग गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**प्रदेश सरकारसँग माग गरिने विशेष तथा समपुरक आयोजनाहरुका सम्बन्धमा ।**

| सि.नं. | योजनाको नाम | लागत अनुमान | योजना अवधि | आयोजनाको अनुदानको प्रकृती | कैफियत |
|---|---|---|---|---|---|
| १ | दाना उद्योग स्थापना, वडा नं. ६ | ३ करोड २ लाख | २ वर्ष | विशेष | |
| २ | टावरडाँडा खानेपानी आयोजना, मकवानपुरगढी-३ | ८८ लाख | १ वर्ष | विशेष | |
| ३ | वृहत खानेपानी आयोजना, मकवानपुरगढी-३ | | | विशेष | |
| ४ | वृहत खानेपानी आयोजना मकवानपुरगढी वडा नं. ६ | | | विशेष | |
| ५ | भानु माध्यामिक विद्यालय, मकवानपुरगढी-३, मक्रान्चुर्ल | ४ करोड ७२ लाख | २ वर्ष | विशेष | |
| ६ | ऐतिहासिक एकिकरण विजय पार्क, वडा नं. २ | ५ करोड ७८ लाख | | समपुरक | |
| ७ | चट्याङ्ग प्रतिरोधी अर्थिङ्ग निर्माण | | | समपुरक | |
| ८ | रानिवास एग्रो टुरीजम पार्क, वडा नं. १ | ४ करोड ५७ लाख | | समपुरक | |
| ९ | कुर्लेदमार सिचाईं मकवानपुरगढी-२, | | | समपुरक | |

बिदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

| सि.नं. | योजनाको नाम | लागत अनुमान | योजना अवधि | आयोजनाको अनुदानको प्रकृती | कैफियत |
|---|---|---|---|---|---|
| १० | मातातिर्थ मन्दिर, मकवानपुरगढी-६ | | | समपुरक | |
| ११ | धमिले सिचाईं मकवानपुरगढी-२ | | | समपुरक | |

**निर्णय नं. ४ : योजनाहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।**

मिति २०७६ पौष ४ को कार्यपालिकाको बैठकबाट यस गाउँपालिकाको वार्षिक कार्यक्रम तथा योजनाहरु समयमै सम्पन्न गर्नका लागि गाउँपालिकाले तय गरेको कार्यतालिका बमोजिम चैत्र भित्रै सबै योजनाहरु सम्पन्न गर्न यहि पौष मसान्तभित्र सबै वडाबाट योजनाहरु सम्झौता गरिसक्नुपर्ने निर्णय भएको तर वडामा लागत अनुमान तयारी, उपभोक्ता समिति गठन लगायतका विषयमा ढिलाई भएकोले सबै वडाबाट यथाशिघ्र योजना सम्झौता प्रक्रियालाई अगाढी बढाउन ताकेता गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**निर्णय नं. ५: आर्थिक सहायता सम्बन्धमा ।**

आर्थिक सहायता कार्यविधि, २०७५ बमोजिम स्वास्थ्य समस्याबाट पिडित तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिम रकम आर्थिक सहायतास्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | विरामीको नाम र ठेगाना | स्वास्थ्य समस्या | आर्थिक सहायता |
|---|---|---|---|
| १ | गिता तिमल्सिना, मकवानपुरगढी वडा नं. ३ | मृगौला उपचार | २० हजार |
| २ | जेनिशा थिङ्ग, | ट्युमर अपरेशन | २५ हजार |
| ३ | मंगल बहादुर लो | मृगौला पिडित | २५ हजार |

**निर्णय नं. ६ : करारका कर्मचारीको म्याद थप सम्बन्धमा,**

यस गाउँपालिका तथा अन्तरगतका वडा कार्यालय, स्वास्थ्य चौकी, कृषि शाखा, पशू शाखा, शिक्षा अन्तरगतका यहि २०७६ पौष मसान्तसम्म म्याद भएका करारमा कार्यरत सन्तोंषजनक कार्यसम्पादन भएका कर्मचारीहरुको आगामी २०७७ असार मसान्त सम्म कायम रहने गरी करार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : २५७ औं ऐतिहासिक मकवानपुरगढीको विजय उत्सव तयारी सम्बन्धमा**

मकवानपुरगढी गाउँपालिकाको ऐतिहासिक मकवानपुरगढीमा मिति २०७६ माघ १० मा हुने विजय उत्सव कार्यक्रमको तयारीका सम्बन्धमा तपसिल बमोजिमका कार्य तथा तयारी गर्ने निर्णय गरियो ।

- माघ ७ गते भित्र कृषि र पर्यटनबाट समृद्धि हासिल हुने विषयक अन्तर गाउँपालिकास्तरीय दोहोरी गित प्रतियोगिता सम्पन्न गर्ने र १० गते फाइनलमा जाने समूहको प्रतियोगिता गर्ने,
- राष्ट्रिय कलाकारलाई आमन्त्रण गर्ने,

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

- ऐतिहासिक मकवानपुरगढी परिचय पुस्तक विमोचन गर्ने,
- मगर नाँच, तामाङ्ग नाँच तथा भजन टोली समेतको कला आव्हान गर्ने,
- बृहत राष्ट्रिय झण्डाको झण्डोत्तोलन गर्ने ।
- सेतो एक दन्ते हात्तिको अनावरण गर्ने,
- मकवानपुरगढी पर्यटन तथा गतिविधि समेटिएको पुस्तक विमोचन गर्ने,
- ऐतिहासिक मकवानपुरगढी नामक भू-बोर्ड निर्माण तथा पदमार्ग निर्माण सम्पन्न गर्ने,
- गढी क्षेत्र पूर्ण सरसफाई अभियान सञ्चालन गर्ने,
- दुइ वटा अस्थायी गेट निर्माण, स्वागत, तुल ब्यानर, घडा तथा स्काउटको तयारी गर्ने,
- सेनासँग रहेका सामाग्री प्राप्ती तथा व्यवस्थापन (एक थान तोप सहित) ।
- कम्पाउण्ड गेटलाई समयमै पूर्णता दिने ।

**निर्णय नं. ८ : पर्यटन समितिमा मनोनयन गर्ने सम्बन्धमा,**

मकवानपुरगढी गाउँपालिकाको पर्यटन प्रवर्द्धन कार्यविधि, २०७५ को दफा ३ मा व्यवस्था भएको पर्यटन विकास समितिको सदस्यमा वडा अध्यक्षहरु र कार्यपालिका सदस्यहरुमध्यबाट तपसिल बमोजिमको सदस्य रहने र सल्लाहकारहरुमा उल्लेखित पदाधिकारीहरु रहने गरी पर्यटन विकास समिति गठनलाई पूर्णता दिने निर्णय गरियो ।

**तपसिल**

श्री राम प्रसाद तिमल्सिना : सदस्य
श्री श्री बुद्धिमाया योञ्जन : सदस्य

**सल्लाहकारहरु**

प्रतिनिधि जिल्ला समन्वय समिति, मकवानपुर
प्रतिनिधि जिल्ला प्रशासन कार्यालय, मकवानपुर
प्रतिनिधि सुपारेटार ब्यारेक
श्री वद्रि प्रसाद खतिवडा
श्री केदार प्रसाद न्यौपाने
श्री वकिल राज बानिया

**निर्णय नं. ९ : कार्यविधि अनुमोदन सम्बन्धमा,**

यस गाउँपालिकालाई व्यवस्थित संस्थागत रुपमा सञ्चालन गर्न, नीति नियम तथा कार्यविधिहरुको परिधिभित्र रहेर योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न निर्माण भएका तपसिल बमोजिमका कार्यपालिकामा स्विकृतीका लागि पेश भएका कार्यविधिहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | पारीत भएका | उद्धेश्य एवं औचित्य |
|---|---|---|

बिदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

| | कार्यविधिहरु | |
|---|---|---|
| १ | मकवानपुरगढी गाउँपालिका होमस्टे संचालन कार्यविधि, २०७६ | मकवानपुरगढी गाउँपालिका क्षेत्रमा विद्यमान सास्कृतिक तथा भौगोलिक विविधताहरुको उचित व्यवस्थापनबाट गाउँपालिका क्षेत्रमा ग्रामीण पर्यटकिय विकास गरी रोजगारी श्रृजना, स्वरोजगारउन्मुख आयआर्जनमा वृद्धि गर्न, पर्यटनको माध्यामबाट विपन्न महिला, आदिवासी, जनजाती लगाएतका समूहको संलग्नता बढाई पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पँहुचभित्र ल्याउने संरचनाको निर्माण र विकास गर्ने उद्धेश्यका साथ होमस्टे सञ्चालन गर्न वाञ्छनीय भएकाले, |
| २ | च्यापकटर खरिदमा अनुदान कार्यविधि, २०७६ | मकवानपुरगढी गाउँपालिकालाई पशूपालनमा आत्मनिर्भर बनाई पशूजन्य पदार्थको निकासी गरी यँहाका जनतालाई अग्रसर गराई स्वरोजगारको रुपमा अगाडि बढाउने, |
| ३ | भैंसी स्रोत केन्द्र निर्माण अनुदान कार्यविधि, २०७६ | मकवानपुरगढी गाउँपालिकालाई दूग्ध उत्पादनमा आत्मनिर्भर बनाउन गाउँपालिकालाई भैंसी स्रोत केन्द्रको रुपमा विकास गरी जनतालाई पशूपालन व्यवसाय मार्फत स्वरोजगारी हुने उद्धेश्यलाई सार्थक बनाउन |

**निर्णय नं. १० भैपरी आउने र पुँजिगत योजनाहरुका सम्बन्धमा ।**

चालु आर्थिक वर्षका लागि स्विकृत वार्षिक अनुमान एवं योजनामध्य सि.नं. १७३ को भैपरी आउने पुँजिगत शिर्षकमा अधिल्लो कार्यपालिकाको बैठकबाट विनियोजन भएको ४० लाख वजेटमध्यबाट मौज्दाद रहेको लगभग ७ लाख मध्यबाट तपसिल बमोजिमका योजनामा रकम विनियोजन गरी कार्यान्वयनका लागि अगाडि बढाउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | योजनाको नाम | विनियोजीत रकम | कैफियत |
|---|---|---|---|
| १ | पिप्ले मक्रान्चुली चौघडा मुल सडक मर्मत | १ लाख | |
| २ | वडा नं. २ सडक मर्मत संभार योजना | २ लाख ४० हजार | |
| ३ | घिसिङ्गडाँडा मोटरबाटो मकवानपुरगढी गाउँपालिका वडा नं. ५ | २ लाख | |
| ४ | परियार टोल तथा राम बहादुर बम्जन टोल कुसुमटार, मकवानपुरगढी गाउँपालिका वडा नं. ४ | १ लाख | |

**निर्णय नं. ११ विविध सम्बन्धमा ।**

विविधका सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो ।

क) ऐतिहासिक मकवानपुरगढीमा मिति २०७६ माघ १० मा हुने विजय उत्सवका अवसरमा ऐतिहासिक मकवानपुरगढीमा रहेका विविध ऐतिहासिक महत्वका विषयवस्तुहरु, मनकामना मन्दिर, मकवानपुरगढी गाउँपालिकाको नमुना गतिविधिहरु, सबै वडाका ऐतिहासिक, धार्मिक, सास्कृतीक महत्वका विषयवस्तुहरु समटिएको **ऐतिहासिक मकवानपुरगढी परिचय पुस्तकको** ड्राफ्ट स्विकृत गर्ने । साथै उक्त पुस्तक १००० प्रति छापी मकवानपुरगढी सूचना संकलन केन्द्रमा प्रदर्शन एवं विक्रिका लागि राख्ने ।

बिदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

ख) नेपाल रेडक्रस सोसाइटि, सुकौरा उपशाखा, मकवानपुरलाई विपद व्यवस्थापन शिर्षकबाट खर्च हुने गरी विपद पूर्व सचेतना सन्देश होर्डिङ्ग बोर्ड राख्नको लागि रु. १५५,००० (एक लाख पच्पन्न हजार) विनियोजन गर्ने,

ग) सामरी साइटमा २.५ मिटरको लामो ह्युमपाइप राख्न ७५ हजार खर्च भएको रकम भुक्तान गर्ने,

घ) महिला कल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मकवानपुरगढी गाउँपालिका वडा नं. ५ को साझेदारी मौरीपालन कार्यक्रममा मौरी घार तथा सोसँग सम्बन्धीत अन्य सामाग्री खरिदका लागि ४ लाख विनियोजन गर्ने,

ङ) शहिद रुद्र स्मृती फुटसल प्रतियोगिताको लागि खेलकूद शिर्षकबाट रु. २ लाख विनियोजन गर्ने,
च) मकवानपुरगढी गाउँपालिकाको एफ.एम. रेडियो सञ्चालन कार्यविधि, २०७४ बमोजिम १०० वाट सम्मको एफ.एम सञ्चालन स्थानीय तहले गर्न सक्ने प्रावधान रहेकोले मकवानपुरगढी एफ.एम.को नामबाट सञ्चालन गर्न इच्छुक रेडियो भरोसालाई मकवानपुरगढी गाउँपालिकालाई समेटेर कार्यक्रम उत्पादन र प्रसारण गर्न नियमानुसार अनुमति दिने ।

छ) सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल स्थानीय महासंघ, मकवानपुरगढी गाउँपालिकालाई सामुदायिक वन समूहका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न रु. १ लाख विनियोजन गर्ने,

ज) नेपाल ज्योतिष परिषद्, जिल्ला समिति मकवानपुरलाई यस गाउँपालिकाको वडा नं. ५ स्थित भागिरथी टोल, श्री कृष्ण प्रणामी मन्दिरमा महिलाहरुको पाठेघरसम्बन्धी बि.पि.काईराला मेमोरियल क्यान्सर अस्पतालका विशेषज्ञ डाक्टरहरुद्धारा सञ्चालन हुने निःशुल्क स्वास्थ्य शिविरका लागि आकस्मिक सहयोग कार्यक्रमबाट रु. २५ हजार विनियोजन गर्ने,

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner